जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ | अंक : ००७ | २०८० साल, भदौ ०७ गते बिहीबार | Thursday 24 August, 2023 | पृष्ठ : ४ | मूल्य रू. ५/-

## नगरपालिकाको सम्पुर्ण शाखामा करार र सहायक कर्मचारीलाई शाखा प्रमुखको जिम्मेवारी




*शु.आ. सम्वाददाता*
*कलैया, ०६ भदौ ।*

स्थानीय तहहरुमा जनप्रतिनिधिहरु आफुलाई भनेको अनुसार योजना सँचालन गर्न र योजनाहरुको भुक्तानी गर्न आफु निकट रहनेलाई नै निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखको जिम्मेवारी दिने गरेको हुनाले नै महागढीमाई नगरपालिकाले पनि यस्तै गरेको हुन सक्ने अशँका गरीएको छ । बाराको महागढीमाई नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा उपसचिव कार्यरत रहेका छन्। भने अन्य शाखामा करार र सहायक कर्मचारीलाई मात्रै शाखा प्रमुखको जिम्मेवारी दिएको पाईन्छ। शाखा प्रमुखको जिम्मेवारीमा अधिकृत स्तरको दरबन्दी भएता पनि आफु खुशी योजनाहरु सँचालन गर्न करार र सहायक कर्मचारीलाई शाखा प्रमुखको जिम्मेवारीमा राखिएको जानकारहरुले बताउने गरेका छन् । महागढीमाई नगरपालिका बरियारपुर बारामा प्रशासन शाखा, योजना शाखा, शिक्षा शाखा, जिन्सी शाखामा करार र सहायक कर्मचारीलाई शाखा प्रमुखको जिम्मेवारी दिईएको छ। प्रशासन शाखाको जिम्मेवारीमा तत्कालिन जिल्ला बिकास कार्यालय कलैया बारामा कार्यरत रहेका करारको कर्मचारी गन्नायक ठाकुरलाई लामो समय देखि नै राखिएको छ। भने योजना शाखा प्रमुखको जिम्मेवारी चौथो तहका कर्मचारी रुस्तम अँसारीलाई , शिक्षा प्रमुखको जिम्मेवारीमा चौथो तहको रामबिश्वास चौरसियालाई र जिन्सी शाखाको प्रमुखको जिम्मेवारीमा चौथो तहका उमेश प्रसाद यादवलाई राखिएको छ । अधिकृत स्तरका कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ र स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रशासन शाखा , जिन्सी शाखा र योजना शाखाको प्रमुखको जिम्मेवारी प्रशासन तर्फका अधिकृत स्तरका कर्मचारीलाई दिनुपर्ने छ। भने शिक्षा शाखा प्रमुखको जिम्मेवारीमा शिक्षा अधिकृत राख्नुपर्ने छ। तर पालिकामा शिक्षा अधिकृतको कर्मचारी नभएको खण्डमा अधिकृत स्तरको कर्मचारीलाई जिम्मेवारी दिनुपर्ने ऐनमा ब्यवस्था गरीएको छ । महागढीमाई नगरपालिकामा प्रशासन तर्फका अधिकृत स्तरका एक जना कर्मचारी भएपनि करार र सहायक कर्मचारीहरुलाई शाखा प्रमुखको जिम्मेवारी दिएकोमा नगरप्रमुख उपेन्द्र प्रसाद यादव ( उपन ) माथि नै प्रश्न चिन्ह खडा भएको छ। साथै उक्त प्रशासन तर्फका अधिकृतलाई जिम्मेवारी बिहिन किन बनाईएको होला ? यसरी अधिकृत स्तरको कर्मचारीलाई जिम्मेवारी बिहिन बनाई करार र सहायक कर्मचारीलाई प्रमुखको जिम्मेवारी दिनुमा नगरपालिका एकलौटी रुपले त सँचालन भएको छैन भनि समेत जानकारहरुले प्रश्न खडा गरेका छन् । महागढीमाई नगरपालिकाको नगरप्रमुखमा दोस्रो कार्यकालका लागि निर्वाचित भएका उपेन्द्र प्रसाद यादव ( उपन ) ले जिल्ला भरीमा छुट्टै पहिचान बनाउन सफल भएका छन् । तर नगरपालिकाको कार्यालय सँचालनमा नै अधिकृत स्तरको कर्मचारीलाई जिम्मेवारी बिहिन बनाई करार र सहायक कर्मचारीलाई शाखा प्रमुखको जिम्मेवारीमा राख्नुमा ध्यानाकर्षण हुन आवश्यक देखिएको छ ।

## हुलास स्टीलमा क्रेनको हुक चुडिएर लाग्दा चालकको मृत्यु

*बारा, ०६ भदौ ।*

जीतपुरसिमरा १ स्थित हुलास स्टीलमा कार्यरत एक सवारी चालकको बधुवार मृत्यु भएको छ । उद्योगमा काम गर्ने क्रममा क्रेनको हुक चुडिएर लाग्दा वीरगन्ज महानगरपालिका १४ पिप्राका वीरेन्द्र राउत कुर्मीको मृत्यु भएको हो । करिब ४५ वर्षीय कुर्मीको वीरगन्जस्थित स्पर्श अस्पतालमा उपचारका क्रममा ज्यान गएको हो । उद्योगमा काम गर्ने क्रममा बिहान करिब ६:३० बजे आफैले चलाएको क्रेनको हुक चुडिएर लाग्दा उनि घाइते भएका थिए । घटनालगत्तै सिमरास्थित अल्पाइन अस्पतालमा उपचार गराई वीरगन्जमा रहेको स्पर्श अस्पताल लगिएको थियो । अस्पतालमा उपचारका क्रममा करिब १२ बजे कुर्मीको मृत्यु भएको परिवारले जनाएको छ । कुर्मीको मृत्यु भएपछि परिवार र आफन्तले अस्पतालमाथि आक्रोश पोखेका छन् । चिकित्सकको लापरवाहीका कारण कुर्मीको ज्यान गएको परिवारको भनाई छ । यता चिकित्सकले भने छातिमा गम्भिर चोट भएका कारण ज्यान गएको बताएका छन् । कुर्मीको मृत्यु भएपछि मृतकका परिवार, उद्योग प्रशासन र अस्पताल प्रशासनबीच छलफल भएको छ ।

(बाँकी तेश्रो पेजमा)

## जीतपुरसिमरा उपमहानगर : सखुवाघाटमा नवनिर्मित स्वास्थ्य चौकी भवनको उदघाटन



*अखिलेश कुमार यादव*
*बारा, ०६ भदौ ।*

बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको वडा न १६ सखुवाघाटमा नवनिर्मित स्वास्थ्य चौकी भवनको उद्घाटन गरिएको छ।

नवनिर्मित स्वास्थ्य चौकी भवनको एक औपचारिक कार्यक्रमकाबीच जीतपुरसिमरा उपमहानगरपालिकाका न १६ का वडा अध्यक्ष हरिदेव खरेलले उद्घाटन गर्नुभएको हो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वडा अध्यक्ष खरेलेल शिक्षा र स्वास्थ्यको विकासले नै समुन्नति ल्याउने बताउनुभयो ।

यो भवन निर्माण सम्पन्न भई अब यसैबाट स्वास्थ्य सेवा पाउनु यहाँका नागरिकका लागि सुखद कुरा भएको उल्लेख गर्दै स्वास्थ्य चौकीबाट प्रवाह गर्ने सेवा सुविधा गुणस्तरीय हुनुपर्ने बताउनुभयो ।

त्यस्तै ,उपमहानगर उपप्रमुख भोला अधिकारीले स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएको भन्दै उहाँले नागरिकको स्वास्थ्यप्रति स्थानीय सरकार गम्भीर र जिम्मेवार रहेको उल्लेख गर्नुभयो ।

२ बर्ष देखि निर्माण भईरहेको सखुवाघाट स्वास्थ्य चौकी ३७ लाखको लागतमा निर्माण भएको हो ।१६ नम्बर वडा कार्यालय नजिकै बनेको स्वास्थ्य चौकी संचालनमा आउने भए पछि स्थानीयहरु हर्षित भएका छन् ।

उपमहानगर उपप्रमुख भोला अधिकारीको प्रमुख अतिथ्यतामा सम्पन्न कार्यक्रममा वडा न १६ का वडा अध्यक्ष हरिदेव खरेल,उपमहानगरका शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख शिवजी प्रसाद लगाएत वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

राजस्व अनुसन्धान कार्यालय, पथलैया, बाराको अनुरोध

तपाईको घर, छिमेक, टोल, समुदाय कहिकतै अवैध रूपमा व्यापारिक मालवस्तुहरुको ओसारपसार गरेको, नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर रकम नबुझाई वा कम बुझाई वा गलत अभिलेख तयार गरी कर छलि गरेको वा विदेशी विनिमय अपचलन सम्बन्धी कसूर गरेको वा आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क, भन्सार महसुल वा गैर कर छलि सम्बन्धी कसूर गरी राजस्व चुहावट गरेको पाइएमा लिखित वा मौखिक रूपमा राजस्व अनसन्धान विभाग वा यस कार्यालयमा जानकारी गराउनु हुन अनुरोध गरिन्छ । तपाईले दिएको सूचनाले राजस्व संकलनमा महत्वपूर्ण योगदान पुयाउने छ । उक्त सूचनाको सत्यता परीक्षण पश्चात अदालतबाट हुने फैसला बमोजिम तपाईलाई पुरस्कृत समेत गरिनेछ ।
राजस्व अनुसन्धान कार्यालय, पथलैया, बाराको सम्पर्क नम्बर टेलिफोन नं. :०५३-५२०२८८ ९८५५०२९००५

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - पचरौता नगरपालिका, बारा

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| सह-सम्पादक | : रंजित यादव (९८१४२३२७०२) |
| समाचार सम्पादक | : आ.के ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : रंजित यादव (९८१४२३२७०२) |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया - १४ , बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया बारा |

shubharambhdaily@gmail.com

## सम्पादकीय.............

# सूचनाको हक कार्यान्वयन

नागरिकका लागि उपलब्ध रहेका असंख्य हकमध्ये सूचनाको अधिकारलाई निकै महत्वपूर्ण स्थान दिइएको छ । सूचनाको प्रयोग र उपयोग विगतको तुलनामा हाल निकै वृद्धि भएको अवश्य छ, यद्यपि त्यसको प्रभावकारितालाई लिएर भने प्रश्न उठाउन सकिने ठाउँहरु प्रशस्तै छन् । मात्रात्मक अवस्थामा सुधार आएकोमा सन्देह छैन, जहाँसम्म गुणात्मक पक्षको सन्दर्भ उठ्छ त्यसमा थरीथरी मतको आधिक्यता देखिने गरेको पाइन्छ । हाल सूचनाको हकसम्बन्धी कानुन निर्माणले झन्डै डेढ दशकको अवधि पार गरिसकेको छ । समयगतरुपमा हेर्दा यो चानचुने अवधि होइन । कार्यान्वयनको चरण यति लामो समय हुँदै गुज्रिरहँदा अझै पनि नागरिकहरुको ठूलो हिस्सा सहजरुपमा सूचना प्राप्त गर्नबाट वञ्चित रहँदै आएको छ । त्योमात्रै नभएर नागरिकस्तरबाट प्राप्त सूचनाको अधिकारलाई समेत व्यापकरुपमा उपयोग गरेको समेत देखिएको अवस्था छैन । एकातिर सूचना उपलब्ध नहुनु त अर्कोतिर उपलब्ध हुँदासमेत त्यसप्रतिको उदासीनताले वास्तविक सूचनाको अधिकार कुण्ठित भैरहेको प्रतीत हुन्छ ।

संवैधानिक तवरले कानुनी व्यवस्था नै रहेको सूचनाको हकसम्बन्धी नीतिका कारण सही सूचना सम्प्रेषण हुन्छ र हुनुपर्छ भन्ने मान्यता रहे पनि कार्यान्वयनको सवालमा त्यसको प्रभावकारिता भने कमजोर पाइनु विडम्बनापूर्ण छ । यसले सूचनाको सन्दर्भमा नीतिगतरुपमा सुधार हुन नसकेको देखाउँछ । सूचनालाई सहजरुपमा पहुँचयोग्य बनाउन सार्वजनिकरुपमा काम गरिरहेका अनेकौं निकायहरुको प्रदर्शनको भूमिकालाई नकार्न सकिँदैन, त्यस्ता निकायहरु मार्फत हुने गतिविधिहरुको प्रभावकारिता अहं हुने मानिए पनि व्यवहारतः कतिपय सन्दर्भमा उदाहरणीयसमेत बन्न नसकेको पाइन्छ । कतै गोप्य राख्नुपर्ने सूचना स्वार्थवश चुहावट गर्ने त कतै समयमै सम्प्रेषित गर्नुपर्नेमा आमनागरिकलाई अन्धकारमा राखेर झुलाइरहने प्रयाससमेत बेला-बेलामा देखिरहने परिदृश्यहरु हुन् । अझ सूचनाले भ्रमको खेती गर्दा त्यसले निम्त्याउन सक्ने विनासको समेत समयमै आकलन गर्न नसक्दा ठूलो क्षति भैरहेको हुन्छ भन्ने पक्षलाई नजरअन्दाज गर्न मिल्दैन ।

देशका हरेक नागरिकहरुको माग हो, सही र उचित प्रकारका सूचना सहज ढङ्गले सबैको पहुँचमा पुगोस् । अहिलेको सामाजिक सञ्जाल सूचनाको हकमा प्रभावकारी देखिए पनि त्यो विभिन्न खाले विकृतिको समेत मञ्च बन्दै गैरहेको छ । साइबर अपराधका नाममा दुई-चार जनालाई कारबाही गरेकै भरमा गलत सूचना प्रसारण तथा प्रसारित गरेर समाजमा नकारात्मक चेतना भर्नेहरु नियन्त्रणमा आउन सक्दैनन् । सामाजिक सञ्जालमात्रै नभएर देशविदेशका सञ्चारमाध्यमहरुबाट प्रसारित तथा प्रकाशित हुने सूचनाहरु कतिपय सन्दर्भमा अनर्गल लाग्ने गरेका पनि छन्, जसप्रति गम्भीररुपमा निगरानी र नियन्त्रण भने खासै भएको पाइँदैन । गलत सूचनाको स्रोत र त्यसको प्रयोगमाथि अङ्कुश लगाउन सकिएन भने त्यो अनियन्त्रितरुपमा फैलिने र त्यसले विकृतिको खेतीलाई नै मलजल गरिरहने हुनाले राज्यले समेत त्यस्तो सन्दर्भमा कारबाहीको दायरालाई हदैसम्म बढाउँदै कठोररुपमा प्रस्तुत हुनुपर्ने देखिन्छ ।

लोकतान्त्रिक व्यवस्थामा सुशासनका लागिमात्रै नभएर देशको समृद्धिको यात्रा तय गर्नमा समेत उल्लेख्य भूमिका निभाउने सूचनाको हककै कारण राज्यका अनेकौं अङ्गहरु, राजनीतिक दलमात्रै नभएर विभिन्न संघसंस्थासँगै सार्वजनिक निकायहरुको कामकारबाही चुस्तदुरूस्त हुने हुन्छ । यसकै कारणले हरेक गतिविधिहरुप्रति नागरिकले समेत आफ्नो निगरानी बढाउन सक्छन् । यस अर्थमा पनि नागरिकसँगै जति पनि सार्वजनिक निकायहरु छन् तिनको सूचनाको अधिकारप्रतिको क्रियाशीलता र सजगताले नै आउँदो सुन्दर भविष्यलाई परिलक्षित गर्छ भन्ने पक्षलाई यहाँ जोकसैले बिर्सन मिल्दैन । सूचनाको हक अवलम्बन र अनुसरण एक प्रकारको बृहत् जिम्मेवारी पनि हो भन्ने कुरालाई सरोकारवालाले मनन गर्न जरूरी छ । सार्वजनिक निकायमा देखिँदै आएको अपारदर्शिता, नागरिकप्रति देखिन नसकेको जिम्मेवारीबोध, उत्तरदायित्व र जवाफदेहितामा सुधार गर्ने हो सूचनाको हक प्रभावकारीरुपमा कार्यान्वयन हुनैपर्ने देखिन्छ ।

# बहसमा निजी विद्यालय : सेवामूलक कि नाफामूलक ?

*- हरि ज्ञवाली*

देशका सम्पूर्ण निजी विद्यालयहरू अनिश्चितकालीन बन्द गरेर पठनपाठन ठप्प पार्ने प्याब्सनको आन्दोलन अहिलेलाई स्थगित भएको छ । कम्पनी ऐनअन्तर्गत दर्ता भएका नाफामूलक निजी विद्यालयहरूलाई पाँच वर्षभित्र गुठीमा परिणत गरी गैरनाफामूलक बनाउने विधेयकको तयारी भएको भन्दै आन्दोलित भएका निजी शिक्षाका संस्थाहरू सरकारसँग वार्तामा बस्ने भएपछि आन्दोलन फिर्ता भएको छ । तर, शिक्षा र स्वास्थ्य जस्तो आधारभूत क्षेत्रमा व्यापारीकरण हुनुहुँदैन भन्ने तर्क उठिरहँदा निजी विद्यालयलाई सेवामूलक बनाउने कि नाफामूलक ? बहस चल्न थालेको छ ।

**किन आन्दोलित भयो निजी शिक्षाक्षेत्र ?**

मन्त्रिपरिषदबाट हालै पारित भइ संसदमा दर्ता गर्न लागिएको सङ्घीय शिक्षा विधेयकको विषयलाई लिएर निजी एवम् संस्थागत विद्यालयक्षेत्र आन्दोलित भयो । अनौपचारिक रूपमा मिडियामा आएको यस्तो प्रस्तावित विधेयकको परिच्छेद २ (४) मा कम्पनी ऐनअन्तर्गत दर्ता भएका निजी लगानीका सम्पूर्ण विद्यालयहरू पाँच वर्षभित्र शैक्षिक गुठीका रूपमा सञ्चालन हुनुपर्ने भन्ने विषयलाई निजी सञ्चालकहरू आफ्नो सम्पत्ति सरकारले जबरजस्तीरूपमा अधिग्रहण गर्न लागेको भन्दै आक्रोसित बने । करिब पाँच दशकअघिको शिक्षा ऐनलाई विस्थापित गर्ने गरी आएको सङ्घीय संरचनाअनुसारको शिक्षा विधेयकमा निजी विद्यालयले आफ्नो हिसाबकिताब पाँच वर्षभित्र फरफारक गरी गुठीका रूपमा सञ्चालन हुनुपर्ने कुराले उनीहरूलाई थप आन्दोलित बनायो । त्यसो त यस्तै आशयको प्रतिवेदन पूर्व शिक्षामन्त्री गिरिराजमणि पोखरेलको अध्यक्षतामा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग-२०७५ ले पनि तयार पारेको थियो । तर त्यो प्रतिवेदन सार्वजनिक भएन ।

**किन सार्वजनिक गरिएन तत्कालीन आयोगको प्रतिवेदन ?**

पूर्व शिक्षामन्त्री गिरिराजमणि पोखरेलको अध्यक्षतामा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले २०७५ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाएको प्रतिवेदनमा निजी लगानीका सम्पूर्ण विद्यालयहरूलाई गैरनाफामूलक बनाउनुपर्ने प्रस्ताव पेस गरेको थियो । त्यो प्रतिवेदन सर्वस्वीकार्य नभएको भन्दै तत्कालीन सरकारले औपचारिकरूपमा सार्वजनिक गरेको थिएन । कतिपयले त्यस प्रतिवेदन निजी शैक्षिक लगानीकर्ताको इसारामा लुकाइएको आरोप लगाए । आयोगका केही सदस्यहरूले छुट्टै सार्वजनिक गरेको त्यो प्रतिवेदनमा सम्पूर्ण निजी विद्यालयलाई गैर-नाफामूलक बनाउनुपर्ने र दश वर्षभित्र सम्पूर्ण निजी विद्यालयलाई सामुदायिक गुठीमा लैजानुपर्ने प्रस्ताव पेस गरिएको थियो । साथै त्यस प्रतिवेदनमा हरेक वर्ष कुल बजेटको २२ प्रतिशत शिक्षामा छुट्याउनुपर्ने, १० वर्षभित्र सम्पूर्ण विद्यालयलाई एउटै पद्धतिमा सञ्चालन गर्नुपर्ने लगायतका विषयहरू समावेश गरिएका थिए । त्यसो त त्यसअघि नै शिक्षा ऐन आठौं संशोधनमार्फत पनि सरकारले नयाँ खुल्ने विद्यालय अनिवार्य रूपमा शैक्षिक गुठीमा दर्ता गर्नुपर्ने प्रावधान ल्याएको थियो । त्यो ऐनअनुसार निजी विद्यालय खोल्न चाहनेहरू शिक्षामा नाफा होइन, सेवा दिने उद्देश्यले मात्र आउनुपर्ने कुरा समेटिएका थिए ।

**कति छन् नेपालमा निजी विद्यालय ?**

नेपालमा अहिले झण्डै ८ हजार निजी अथवा संस्थागत विद्यालयहरू रहेको बताइन्छ । ती विद्यालयहरूमा झण्डै २५ लाख ५० हजार विद्यार्थीहरू अध्ययनरत रहेको तथ्याङ्क छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको (२०१९/२०)को प्रतिवेदनअनुसार नेपालमा प्राथमिक तहदेखि माध्यमिक तहसम्ममा सामुदायिक र संस्थागत गरी कुल ८१ लाख २७ हजार १ सय ८३ जना विद्यार्थी अध्ययनरत छन् । जसमध्ये संस्थागत विद्यालयमा २५ लाख ४४ हजार २५ जना ( लगभग ३१ प्रतिशत ) र सामुदायिक विद्यालयमा ५५ लाख ८३ हजार १ सय ५८ जना (लगभग ६९ प्रतिशत) रहेको उल्लेख छ । संस्थागत विद्यालयमा करिब २ लाख ५० हजार शिक्षक कर्मचारी कार्यरत छन् । उनीहरूमा आश्रित जनसङ्ख्या करिब १० लाख रहेको बताइन्छ । यसैगरी यस्ता विद्यालयहरूमा वार्षिक २० अर्ब खर्च भएको तथ्याङ्कले देखाउछ । यो कुल शिक्षामा सरकारले छुट्याएको बजेटको झण्डै २५ प्रतिशत हुन आउँछ । समग्रमा नेपालको शिक्षामा निजी क्षेत्रको दायित्व २३ प्रतिशत रहेको पाइन्छ । एक तथ्याङ्कअनुसार कुल बजेटको ७ दशमलव २३ प्रतिशत कर निजी क्षेत्रले राज्यलाई बुझाएको भेटिन्छ । यद्यपि गुणस्तरीय शिक्षाका लागि नेपालबाट अझै पनि बर्सेनि २५ अर्ब रूपैयाँ विदेशिइरहेको तथ्य बाहिर आएको छ ।

**निजी विद्यालय नाफामुखी नै हुन् ?**

नेपालको शिक्षा ऐन २०२८ ले सम्पूर्ण विद्यालयहरूलाई विशुद्ध सेवामूलक शिक्षालयका रूपमा परिभाषित गरेको थियो । २०३६ सालमा सरकारले फेरि निजी क्षेत्रलाई विद्यालय खोल्न आह्वान गरेपछि निजी लगानीका विद्यालय खुल्न थाले । प्रजातन्त्र पुनर्स्थापनासँगै २०४६ सालपछिको सरकारले आर्थिक उदारीकरणको नीति लिएपछि सार्वजनिक सामाजिक सेवाभावका शिक्षालयहरू क्रमशः सरकारी र निजी विद्यालयका रूपमा स्थापित भए । कम्पनी ऐन-२०५८ ले निजी विद्यालयलाई आन्तरिक राजस्व कार्यालयमा आयकर, मुनाफा कर, सामाजिक सुरक्षा कर, घरभाडा, जग्गा भाडा कर, आदि करको दायराभित्र पारेपछि नै सार्वजनिक सामाजिक सेवाभावका शिक्षालयहरू विशुद्ध व्यावसायिक र नाफामूलक विद्यालयका रूपमा परिणत भए । कम्पनी रजिस्ट्रार कार्यालयमा विद्यालय दर्ता भएपछि नै निजी विद्यालयहरू आधिकारिकरूपमै नाफामुखी भएका हुन् । उनीहरूले निजी लगानीमा नाफामूलक विद्यालय सञ्चालन गरेर शिक्षा सेवाअन्तर्गत नाफा कमाउँदै आएका छन् । यो नेपालको संविधान र कम्पनी ऐनले दिएको उनीहरूको अधिकार हो । तिनै व्यावसायिक र नाफामूलक भनिएका संस्थागत विद्यालयरू नै यतिखेर नेपालको शैक्षिक इतिहासलाई गुणस्तरीय बनाउने भरपर्दा क्षेत्र मानिएका छन् । सरकारी विद्यालयको गिर्दो गुणस्तर,स्तरीय नतिजाको अभाव, दक्ष जनशक्ति परिचालन र परिपूर्ति हुन नसक्नुजस्ता प्रमुख समस्याले निजी लगानीका नाफामूलक विद्यालयहरूप्रति नै आम अभिभावक र विद्यार्थीको आकर्षण बढ्दै गएको हो ।

**निजी विद्यालय महँगा कि सामुदायिक विद्यालय ?**

हालैको एक केन्द्रीय सर्भेक्षणअनुसार राज्यले सामुदायिक विद्यालयमा गरेको बजेट लगानीअनुसार कुल विद्यार्थीमध्ये प्रतिमहिना प्रतिविद्यार्थी .२ हजार ४ सय रूपैयाँ खर्च गर्ने गरेको पाइएको छ । यता संस्थागत विद्यालयमा भने अभिभावकले प्रतिविद्यार्थी औसतरूपमा १ हजार ६ सय ४७ रूपियाँमात्र शुल्क तिरेको भेटिन्छ । संविधानमा माध्यमिक तहसम्म निःशुल्क र आधारभूत तहसम्म अनिवार्य शिक्षा भनिएता पनि सामुदायिक विद्यालयले अङ्ग्रेजी भाषाका नाममा प्रति विद्यार्थीबाट वार्षिकरूपमा १६ हजार रुपैयाँसम्म शुल्क लिने गरेको प्रमाण भेटिन्छ । अर्को एक अध्ययनअनुसार सामुदायिक विद्यालयहरूमा उपलब्ध भौतिक सुविधा तथा शिक्षक दरबन्दीलगायतमा राज्यको सबै लगानीको विश्लेषण गर्ने हो भने सरकारले आजको मूल्यमा प्रति विद्यार्थी प्रति वर्ष ९० हजारभन्दा बढी लगानी गरेको भेटिन्छ । यता निजी विद्यालयमा विद्यार्थीले तिर्ने औसत वार्षिक शुल्क ३२ हजार रुपैयाँको हाराहारीमा मात्र देखिन्छ । सरकारी विद्यालयमा सरकारले गरेको सम्पूर्ण खर्चलाई राज्यको धन मान्ने हो भने प्रति विद्यार्थी खर्च हेर्दा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयहरू २ दशमलव ५ गुणा बढी महँगा साबित भएको प्रमाणित हुन्छ । तर ती सामुदायिक विद्यालयको शैक्षिक प्रतिफल भने अत्यन्तै टिठलाग्दो र दयनीय छ ।

**बन्द भए एक हजारभन्दा बढी निजी विद्यालयहरू**

कोभिड-१९ का कारण नेपालका १ हजारभन्दा बढी निजी विद्यालयहरू बन्द भएको तथ्याङ्क बाहिर आएको छ । आफ्नो सञ्चालन खर्च धान्न नसकेर ती विद्यालयहरू बन्द गर्नुपरेको निजी विद्यालय सञ्चालकहरूको संस्था प्याब्सनले बताएको छ । लकडाउन अवधिमा शुल्क उठ्न नसकेकोले शिक्षक-कर्मचारीको तलब, बैंक ब्याज, घरभाडा अनि बिजुली-पानीलगायत तमाम खर्च बेहोर्न नसकेका कारण विद्यालय बन्द गर्नुपरेको उनीहरूको तर्क छ ।

**कति सम्भव छ निजी विद्यालयलाई गुठीमा लैजान ?**

यतिखेर निजी विद्यालयका सञ्चालकहरू आफ्नो निजी सम्पत्ति सरकारले जबरजस्ती खोस्न लागेको भन्दै जीवन-मरणको आन्दोलनको तयारीमा देखिन्छन् । नेपालको संविधानको धारा २५ को उपधारा १, २, ३, ४ ले उनीहरूको निजी सम्पत्तिको हकलाई सुरक्षित गरेको छ । त्यो अधिकार निजी विद्यालयहरूलाई कम्पनी ऐनले समेत दिएको छ । यसको अर्थ निजी क्षेत्रबाट शिक्षा क्षेत्रमा भएको लगानीको संरक्षण र सुरक्षाको ग्यारेन्टी राज्यले नै गर्नुपर्ने देखिन्छ । अब सहज प्रश्न उठ्छ, के कम्पनी ऐनअन्तर्गत दर्ता भएका निजी लगानीका ती करिब ८ हजारको सङ्ख्याका नाफामूलक विद्यालयलाई सरकारले सहजैरूपमा गुठीमा परिणत गर्न पाउँछ ? व्यक्तिगत वा निजी सम्पत्तिको स्वामित्वको अधिकार समाप्त गर्न राज्यले मिल्छ ? के त्यो छुट राज्यलाई नेपालको संविधान र कम्पनी ऐनले दिएको छ ? निजी शिक्षालाई निषेध गरेपछि अहिलेको शैक्षिक गुणस्तर कायम रहला ? सबै निजी विद्यालयहरूलाई गैरनाफामूलक बनाउने नाममा अहिले उनीहरूले प्रदान गरिरहेको शैक्षिक गुणस्तर खस्किएर सरकारी जस्तै हुन थाल्यो भने त्यस दुर्गतिको जिम्मा कसले लिने ? गहिरो अध्ययन, व्यापक छलफल, बहस र विश्लेषणको आवश्यकता छ । - उज्यालोबाट

# घुस रकमसहित लहान नापी कार्यालयका अमिन पक्राउ

*सिरहा, ०६ भदौ ।*

सिराहाको लहानस्थित नापी कार्यालयको २ नं. टोलीको प्राविधिक फाँटमा कार्यरत करार सेवाका अमिन सेवाग्राहीबाट लिएको घुस रकमसहित पक्राउ परेका छन् । महोत्तरीको बर्दिवासस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालयबाट खटिएको टोलीले बुधबार दिउँसो करिब १ बजेतिर अमिन दीपरञ्जन यादवलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा बनाउन सेवाग्राहीसँग लिएको १० हजार रुपैयाँ घुस रकमसहित फाँटबाटै नियन्त्रणमा लिएको हो । लहान नगरपालिका १६ र १७ नम्बर वडामा पर्ने तरेगना गोविन्दपुर क्षेत्रको गाउँब्लक जग्गा नापीमा संलग्न रहेका यादवले स्थानीय व्यक्तिको हकभोगमा रहेको एक कठ्ठा एक धुर गाउँब्लक जग्गा छोराबुहारीको नाममा जग्गाधनी दर्ता प्रमाणपुर्जा बनाउन १० हजार रुपैयाँ घुस लिएको अख्तियारले जनाएको छ । जग्गा नाप भई नक्सासमेत बन्दै गरेको गाउँब्लक जग्गा छोराबुहारीको नाममा गरिदिने गरी घुस रकम लिएर काम गर्ने टेबुलको घर्रामा राखेको अवस्थामा अमिन यादव अख्तियारको नियन्त्रणमा परेका लहान नापीका सूचना अधिकारी मनोजकुमार यादवले बताए । अख्तियारको टोलीले बरामद भएको घुस रकमसहित मुचुल्कालगायतका कागजात तयार गरी अमिन यादवलाई बर्दिबास लगेको छ। उनीविरुद्ध थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ । (नयाँ पत्रिका)

॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - महागढीमाई नगरपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# चन्द्रमामा अवतरण गर्दै भारतीय यान

*रुसको लुना-२५ चन्द्रमामा अवतरण गर्ने क्रममा दुर्घटनामा परेपछि सबैको नजर भारतीय मिसनतर्फ*



*नयाँदिल्ली, ०६ भदौ ।*

रूसको चन्द्रमा यात्रा विफल भएपछि विश्वभरिको ध्यान भारतको चन्द्रमा यात्रामा टिकेको छ। भारतको चन्द्रयान-३ बुधबार साँझ (अगस्ट २३) ६ बजेर ४ मिनेटमा चन्द्रमाको सतहमा टेक्ने भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले जनाएको छ। इसरोले चन्द्रयान अवतरणको अन्तिम तयारीमा रहेको मंगलबार जनाएको हो। सबै सिस्टमलाई समय समयमा जाँच गरिएको र सबै सही ढंगले काम गरिरहेको इसरोको भनाइ छ। अहिले अनुमान गरिएको समयमा चन्द्रयान-३ विक्रमलाई अवतरणमा कुनै समस्या आए त्यसको ल्यान्डिङ समयलाई अगस्ट २७ पुऱ्याइने इसरोले जनाएको छ। यस विषयको अन्तिम निर्णय भने बुधबारलाई निर्धारित अवतरणको समयभन्दा दुई घण्टा पहिले लिइनेछ। भारतले चन्द्रमा मिसनका लागि २०२३ जुलाई १४ मा अन्तरिक्ष यान पठाएको हो। चन्द्रमाको कक्षसम्म पुग्ने लक्ष्य लिएर यान पठाइएको थियो। चार वर्ष अगाडि चन्द्रमामा अवतरण गर्ने भारतको लक्ष्य पूरा हुन सकेको थिए। अवतरण गर्ने क्रममा सन् २०१९ सेप्टेम्बर ७ का दिन अन्तिम समयमा चन्द्रयान-२ सँग भारतीय वैज्ञानिकहरूको सम्पर्क टुट्न पुगेको थियो। त्यतिबेला चन्द्रयान-२ विक्रम ल्यान्डर चन्द्रमाभन्दा २.१ किलोमिटर दूरीमा मात्रै थियो। त्यो असफलतापछि भारतले थप तयारीका साथ पुनः प्रयास गरेको हो। भारतले चन्द्रयान-३ पठाएको करिब एक महिनापछि रुसले ११ अगस्टका दिन लुना-२५ अन्तरिक्ष यानलाई चन्द्रमातर्फ पठाएको थियो। भारतभन्दा तीव्र रफ्तारका साथ छिटो अवतरण गर्ने लक्ष्य रुसी यानको थियो। भारत र रुसको चन्द्रमा मिसन एकैसाथ अन्तरिक्षमा सुरु भएपछि एक प्रकारले प्रतिस्पर्धा नै मानिएको थियो। तर, लुना-२५ चन्द्रमामा अवतरण गर्ने क्रममा दुर्घटनामा परेको छ।

चन्द्रमाको दक्षिणी ध्रुवमा मानवरहित यान अवतरण गराउन रुसको सपना यस पटक रोकिन पुगेको छ। रुसले ४७ वर्षपछि चन्द्रका लागि मिसन गरेको थियो। दुई-चार दिनको फरकमा चन्द्रमाको दक्षिणी ध्रुवमै रुस र भारतको अन्तरिक्ष यान अवतरणको लक्ष्य थियो। रुसको मिसन असफल भएपछि दुनियाँभरका अन्तरिक्ष वैज्ञानिक र मिडियाको नजर भारतीय मिसनतिर सोझिएको हो। हालसम्म चन्द्रमाको उत्तरी या मध्य क्षेत्रमा अवतरणका लागि अन्तरिक्ष यानहरू पठाइएका छन्। तर, दक्षिणी ध्रुवमा पहिलो पटक अवतरण गर्न लागिएको हो। भारतको चन्द्रयान-३ ले सुरक्षित अवतरण गरेको खण्डमा चन्द्रमाको दक्षिणी ध्रुवमा ल्यान्ड गर्ने पहिलो देश भारत बन्नेछ।

त्यस्तै चन्द्रमाको सतहमा पुग्ने चौथो देशमा दर्ज हुनेछ। यसअघि अमेरिका, रुस र चीनले उक्त सफलता पाइसकेका छन्। इसरोका अनुसार विभिन्न इलेक्ट्रिक र मेकानिकल सबसिस्टम जोडिएको यो यानको उद्देश्य सुरक्षित 'सफ्ट ल्यान्डिङ' हो। यानसँग पठाइएको रोबरलाई चन्द्रमाको सतहमा छोड्ने र दुईतर्फी सञ्चार गर्नेलगायतका क्षमता चन्द्रयान-३ को रहेको इसरोले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। चन्द्रयान-३ का लागि भारत सरकारले २ सय ५० करोड बजेट खर्च गरेको छ। चन्द्रयान यात्रा सुरु भएको ३३ दिनमा चन्द्रमाको सतहमा पुग्ने लक्ष्य राखिएकामा लम्बिएर ४० दिन पुगेको थियो। चन्द्रमा पृथ्वीभन्दा ३ लाख ८४ हजार ४ सय किलोमिटर टाढा छ।

भारतीय चन्द्रयान विक्रम लगभग १.६८ किलोमिटर प्रतिसेकेन्डको गतिले चन्द्रमामा अवतरणको कोसिसमा छ। इसरोका वैज्ञानिकका अनुसार चन्द्रयान-३ लाई चन्द्रमाको सतहमा अवतरण गर्न १५ देखि १७ मिनेट लाग्नेछ।

# भन्सारमा साढे ५ लाख पर्ने ट्र्याक्टर वीरगन्ज महानगरद्वारा साढे ९ लाखमा खरिद

*वीरगंज, ०६ भदौ ।*

वीरगंज महानगरपालिकाले फोहोर संकलनका लागि ३२ वटै वडाका लागि गत वैशाखमा ३२ वटा ट्र्याक्टर र टेलर खरिद गरेको थियो। एउटा ट्र्याक्टरका लागि महानगरले ९ लाख ५० हजार र टेलरको २ लाख ७५ हजार रुपैयाँ भुक्तानी गरेको छ। पहिलो पटकको बोलपत्र आह्वान हुँदा ५ वटा कम्पनीले आवेदन दर्ता गराएका थिए। तर, प्राविधिक कारण देखाउँदै महानगरले उक्त बोलपत्र रद्द गरेको थियो। ट्र्याक्टर खरिदका लागि महानगरले दोस्रो पटक बोलपत्र आह्वान गर्दा एउटा मात्र कम्पनीले आवेदन दिएको थियो। त्यही कम्पनीबाट महानगरले ३ करोड ९२ लाखमा ३२ वटा ट्र्याक्टर र टेलर खरिद गरेको हो। बजार मूल्य ६ लाख ६० हजार पर्ने ट्र्याक्टर महानगरले ३ लाख बढी मूल्यमा खरिद गरेको पाइएको छ। महानगरको यान्त्रिक शाखाका अनुसार फोहोर संकलनका लागि २४ एचपीको २४२ मोडलको आइचर कम्पनीको एक सिलिन्डरको ट्र्याक्टर खरिद गरिएको हो। महानगरले खरिद गरेको उक्त ट्र्याक्टर वीरगंज भन्सार विन्दुमा जाँचपास भइसकेपछि ५ लाख ५१ हजार रुपैयाँ मूल्य पर्ने गरेको छ। वीरगंज भन्सार कार्यालयको तथ्यांकअनुसार भारतबाट आयात भएको उक्त मोडलको आइचर ट्र्याक्टरको मूल्य आयातकर्ताले ३ लाख १६ हजार ८ सय ३५ भारु घोषणा गरेका छन्। एउटा ट्र्याक्टरको भन्सार विन्दुसम्मको ढुवानी भाडा र बिमा गरि १३ हजार ७५ भारु उल्लेख गरिएको छ। आयातमा लाग्ने ५ प्रतिशत भन्सार महसुल दाखिला गरि आयातकर्ताले ३ लाख ४४ हजार ८८० भारु ( ५ लाख ५१ हजार रुपैयाँ ) मा ट्र्याक्टर जाँचपास गराएको भन्सारको तथ्यांकमा देखिन्छ। वीरगंज उद्योग वाणिज्य संघका एक पदाधिकारीका अनुसार आयातित वस्तुको भन्सार विन्दुमा लागेको खर्चमा २० प्रतिशत मूल्य थपेर बजारमा बिक्री गर्न पाइन्छ। 'ट्र्याक्टर जाँचपास गराइ भन्सार विन्दुमा लागेको कुल खर्चको २० प्रतिशत निकाल्दा एक लाख १० हजार ३६१ रुपैयाँ हुन आउँछ,' संघका ती पदाधिकारी भन्छन्, 'उक्त ट्र्याक्टरको बजार मूल्य अधिकतम ६ लाख ६२ हजार रुपैयाँसम्म राख्न सकिन्छ। नगदमा खरिद गर्दा व्यवसायीले छुट समेत दिने गरेका छन्।' तर, उक्त ट्र्याक्टर महानगरपालिकाले ९ लाख ५० हजार रुपैयाँमा खरिद गरेको छ। बजार मूल्यभन्दा करिब ३ लाख रुपैयाँ बढीमा महानगरले ३२ वटा ट्र्याक्टर खरिद गरेपछि केही वडाध्यक्ष विरोधमा उत्रिएका छन्। वीरगंज-२० का वडाध्यक्ष आरके सिंह पराग महानगरले किनेर वडामा पठाएको ट्र्याक्टरको खरिद मूल्य सर्वसाधारणले खरिद गर्ने भन्दा धेरै रहेको बताउँछन्। 'किसानले त्यही मोडेलको ट्र्याक्टर नगदमा साढे ६ लाख रुपैयाँसम्म खरिद गरेका छन्,' उनले भने, 'बोलपत्र नै रद्द गरेर दोस्रोपटक आवेदन खुलाउनु र त्यसमा पनि एउटा मात्र कम्पनीको आवेदन पर्नुमा मिलेमतो शंका गर्न सकिन्छ।' आर्थिक चलखेलका कारण निकटका कम्पनीलाई ठेक्का पार्न चलखेल भएको उनले दाबी गरे। वडाध्यक्ष सिंहझैं महानगरका अन्य वडाध्यक्षले समेत महानगरले खरिद गरेको मूल्य अस्वाभाविक रहेको बताएका छन्।

**कमिसनका लागि योजनाबद्ध चलखेल**

ट्र्याक्टर खरिदका लागि महानगरपालिकाले पहिलो पटक गत असोज २६ मा बोलपत्र आह्वान गरेको थियो। ओमनी अटो मोबाइल्स, अर्थ आटोबिल्स, तुलस्यान ट्र्याक्टर्स, नेपाल ट्रेड एण्ड सर्भिस लिंक र खेसारी चन्द्र वणवालले आवेदन दर्ता गराएका थिए। बोलपत्र मूल्यांकन समितिले प्राविधिक कारणले सबैको आवेदन खारेज गरेको थियो। करिब ६ महिना पछि दोस्रो बोलपत्र आह्वान गरियो। एउटा मात्र, विना एग्रो इन्टरप्राइजेज प्रालिको आवेदन दर्ता भयो। मूल्यांकन समितिले उसकै बोलपत्र सदर गरेको थियो। विना एग्रो प्रालि पहिलो पटक बोलपत्र आह्वान हुँदा आवेदन दिएको थिएन। महानगर स्रोतका अनुसार पहिलो बोलपत्रमा 'आर्थिक मिलेमतो' हुने सम्भावना

(बाँकी अन्तिम पेजमा)

# संघीय र प्रदेशका सांसद विकास कोष कार्यक्रमलाई सर्वोच्चको रोक

*काठमाडौं, ०६ भदौ ।*

सर्वोच्च अदालतले संघीय सरकारको चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा व्यवस्था गरिएका प्रतिनिधिसभा र सबै प्रदेश सभाका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरू कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ। सर्वोच्च अदालतको संवैधानिक इजलासले बुधबार उक्त आदेश जारी गरेको हो। प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउत रहेको संवैधानिक इजलासले अधिवक्ता त्रिलोकबहादुर चन्दसमेतको रिट निवेदनमा सुनुवाइ गर्दै संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो। 'संविधानको शब्द, भाव र मर्मसमेतलाई दृष्टिगत गर्दा विनियोजन ऐन, २०८० को रूपमा पारित आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ४४५ सँग सम्बन्धित व्यवस्था,' आदेशमा भनिएको छ, 'र सातवटै प्रदेशका व्यवस्थापिकाहरूको आर्थिक वर्ष २०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाकार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरू तथा ती व्यवस्थाहरूको लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नू/नगराउनू।' (ईकान्तिपुर)

# जीतपुरसिमरा उपमहानगर ३ मा निःशुल्क रूपमा फलफूलको बिरुवा वितरण

*अखिलेश कुमार यादव*
*बारा, ०६ भदौ ।*

बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिकाको वडा न ३ ले निःशुल्क रुपमा फलफूलको बिरुवा भोलि वितरण गरिने भएको छ।वडा न ३ लाई फलफूलमा आत्मनिर्भर बनाउने अभियान अन्तर्गत वडाले निःशुल्क रुपमा फलफूलको बिरुवा बिहिवार र शुक्रबार वितरण गर्ने भएको छ। वडा न ३ लाई फलफूलमा आत्मनिर्भर बनाउने अभियान अन्तर्गत १ घर २ बिरुवा नाराका साथ् वडामा बासोबास गर्ने र आफ्नो जग्गा भएका एवं करेसाबारी युक्त कृषकहरुलाई एक घर बराबर आँप ,लिची,कटहर,अनार जातका कुनै २ वटा फलफूलका बिरुवा निःशुल्क वितरण गरिने वडा अध्यक्ष तारा बहादुर कार्कीले बताउनु भयो।

त्यसतै वडा न ३ को कार्यालय बजनिले बिरुवा हुर्काउने परिवारलाई प्रति बिरुवा रु १ हजारको दरले अनुदान स्वरुप आ.व.०८१/०८२ र ०८२/०८३ देखि वडा समितिको निर्णय अनुसार अनुदान दिने वडा न ३ को कार्यालय बजनिले जनाएको छ।वडाध्यक्ष तारा बहादुर कार्की निर्वाचित भए देखि नै आफ्नो वडाको किसानहरुलाई समय समयमै धानको बिउँ,गहुँको बिउँ ,घासको बिउँ उपलब्ध गराउदैं आईरहेको छ।

छोरा छोरीमा भेदभाव नगरौं।
छोरीलाई पनि स्कुल पठाऔं।

## सिर्सिया सुक्खा ....................

नाकाबाट कोइला आयातको बाटो खुलेको छ।' सुक्खा बन्दरगाह भन्सार कार्यालय प्रमुख रामप्रसाद मैनालीले कोइलाको मूल्यमा १५ प्रतिशत थप गरेर हाललाई कोइलाको जाँचपास गरिएको बताए। 'यो नियमसंगत नै हो,' उनले भने, 'कोइलाको मूल्य हाल घटेको रहेछ।'

पहिलो पटक सोझै रेलबाट कोइला आयात भएको थियो। यसअघि वीरगन्जको सीमावर्ती भारतीय सहर रक्सौलस्थित रेल्वे स्टेसनमा रेलबाट कोइला ल्याएर त्यहाबाट टिपरमा ढुवानी गरी वारि ल्याइन्थ्यो। नेपालमा वार्षिक २५ देखि ३० लाख टन कोइला आयात हुन्छ, ठूला आयातकर्ता ५ देखि ६ जना छन्। आयातित कोइलामध्ये ७५ प्रतिशत सिमेन्ट, २० प्रतिशत इँटा र ५ प्रतिशत फलाम उद्योगले खपत गर्छन्। सिमेन्ट उद्योगले कच्चा पदार्थका रुपमा कोइला प्रयोग गर्छन्। इँटा र फलाम उद्योगले भट्टी तताउन कोइला प्रयोग गर्छन्। कोइला सामान्य अवस्थामा दक्षिण अफ्रिका, इन्डोनेशिया, अमेरिका, रुस आदि मुलुकबाट आयात हुने गरेको छ। हाल भारतीय कोइला सस्तो छ। त्यसैले भारतबाटै आयात भइरहेको छ। सामान्य अवस्थामा वीरगन्ज नाकाबाट मासिक १ लाख देखि १ लाख २५ हजार मेट्रिक टन कोइला आयात हुँदै आएको थियो।

पछिल्लो केही महिना यता कोइलाको आयात घटेर मासिक ७२ हजार टन हाराहारीमा आयात भइरहेको छ। कोइला सिमेन्ट र सिमेन्ट क्लिंकर उत्पादनमा प्रयोग हुने प्रमुख कच्चा पदार्थ हो। (ईकान्तिपुर)

## हुलास ...............

छलफलमा मृतक परिवारले उपचारमा लापरवाही गर्ने चिकित्सकमाथि कारवाहीको माग राखेका छन्। कुर्मी करिब ३० वर्षदेखि उद्योगमा कार्यरत रहेको परिवारले जानकारी दिएका छन्। उनले उद्योग भित्र ठुला सवारीसाधन चलाउने गरेका थिए। (ईशिलालेख)

गर्मी मौसम शुरू भएको छ। प्रसस्त पानी पिऔं। स्वस्थ्य रहौं - शुभआरम्भ राष्ट्रिय दैनिक

# मोबाइलबाट भुक्तानीमा सर्वसाधारणको आकर्षण बढ्दो

*बीरगंज, ०६ भदौ ।*

मोबाइलमार्फत बैङ्किङ कारोबार गर्न तथा कारोबारको भुक्तानीमा सर्वसाधारणको आकर्षण बढेको छ । स्मार्टफोन तथा इन्टरनेटको बढ्दो पहुँच, बैङ्क, वित्तीय संस्था र विभिन्न वालेट कम्पनीको सेवा विस्तार तथा विद्युतीय भुक्तानीलाई प्रोत्साहन गर्ने सरकारी नीतिका कारण प्रयोगकर्ताको सङ्ख्यासँगै कारोबार रकम पनि बढ्दै गएको हो । नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार २०८० असारमा मोबाइल बैङ्किङमार्फत २ खर्ब ३३ अर्ब ४४ करोड रुपैयाँ, क्यूआरमार्फत ३० अर्ब १४ करोड रुपैयाँ तथा वालेटमार्फत २० अर्ब ३२ करोड रुपैयाँ कारोबार भएको छ । एक वर्षअघिको तुलनामा मोबाइल बैङ्किङ कारोबार ४२ दशमलव ९९ प्रतिशतले वृद्धि हुँदा क्यूआर कोडमार्फतको भुक्तानी १०७ दशमलव ५४ र वालेटको १४ दशमलव ४९ प्रतिशतले वृद्धि भएको राष्ट्र बैङ्कले बताएको छ। एक वर्षको अवधिमा मोबाइल बैङ्किङका प्रयोगकर्ता मात्र ३० लाख थपिएका छन्। २०७९ असारमा १ करोड ८३ लाख जना मोबाइल बैङ्किङ प्रयोगकर्ता रहेकोमा २०८० असारमा २ करोड १३ लाख पुगेका छन्। यस्तै वालेटका प्रयोगकर्ता १ करोड ३६ लाखबाट १ करोड ८९ लाख पुगेको राष्ट्र बैङ्कको तथ्याङ्कमा उल्लेख छ । हाल बैङ्क, वित्तीय संस्थाका अतिरिक्त विभिन्न भुक्तानी प्रणाली सञ्चालक तथा सेवा प्रदायक कम्पनीले समेत मोबाइल भुक्तानी सेवा सञ्चालन गरिरहेका छन् । विद्युतीय भुक्तानी बढाउन राष्ट्र बैङ्कले निजी कम्पनीलाई समेत मोबाइल वालेट सञ्चालनको अनुमति दिँदै आएको छ। हाल २७ ओटा कम्पनीले वालेट सेवा सञ्चालन गर्छन्। यसै गरी नेपाल राष्ट्र बैङ्कले कोभिड-१९ महामारीपछि विद्युतीय भुक्तानीलाई प्रोत्साहन गर्दै कारोबारको सीमा बढाउँदै लगेको छ। हाल मोबाइल बैङ्किङबाट प्रतिदिन ३ लाख, बैङ्क खाताबाट वालेटमा तथा वालेटबाट बैङ्क खातामा प्रतिदिन २ लाख र प्रतिमहिना १० लाख रुपैयाँ कारोबार गर्न पाउने सीमा छ । यस्तै एक वालेटबाट अर्को वालेटमा प्रतिदिन ५० हजार र प्रतिमहिना ५ लाखको सीमा तोकिएको छ। विदेशबाट रेमिट्यान्स (विप्रेषण) पनि सिधै वालेटमा पठाउन सकिने सुविधा दिएको छ ।

हाल बैङ्कहरूले मोबाइल बैङ्किङमार्फत सम्पूर्ण बैङ्किङ सेवा र कारोबार गर्न पाउने सुविधा दिएका छन् । अर्को बैङ्क खातामा रकम भुक्तानीदेखि बजारमा किनमेल, मोबाइल, टेलिफोन, इन्टरनेट, खानेपानी लगायत बिल तिर्न पनि मोबाइल बैङ्किङ तथा वालेट प्रयोग गर्न सकिन्छ । क्यूआर कोडलाई प्रोत्साहन गर्न राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाले दर्ता नभएका व्यवसायीका लागि समेत क्यूआर कोड उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ ।

स्थायी लेखा नम्बर लिएका एकल स्वामित्वमा सञ्चालित व्यवसायीको नाममा बैङ्क तथा वित्तीय संस्थामा रहेको बचत खातामा रकमान्तर हुने गरी क्यूआर कोड उपलब्ध गराउन सक्ने व्यवस्था छ । यसै गरी स्थायी लेखा नम्बर नलिएका दैनिक ५ हजारसम्मको व्यापारिक कारोबार गर्ने प्राकृतिक व्यक्ति-खुद्रा व्यापारीलाई समेत आधिकारिक परिचयपत्रको आधारमा उसको नाममा मर्चेन्टका रूपमा क्यूआर कोड उपलब्ध गराउन सकिने प्रावधान छ । ( यात्रा डेली )

हामी तपाईहरूको
साथ र सहयोगको
अपेक्षा गरेका छौं ।

# सिर्सिया सुक्खा बन्दरगाहमा झण्डै २ महिनादेखि रोकिएको कोइला बाहिरियो



*बिरगंज, ०६ भदौ ।*

भन्सारको सन्दर्भ मूल्य विवादका कारण झण्डै दुई महिना (सात हप्ता)देखि वीरगन्जस्थित सिर्सिया सुक्खा बन्दरगाहमा रोकिएको कोइला बुधबारदेखि जाँचपास भएर बाहिरिन थालेको छ । यो नाकाबाट पहिलोपटक रेलमा ल्याइएको कोइला आयातकर्ताले सन्दर्भ मूल्य अव्यवहारिक भएको भन्दै जाँचपास नगराइ राखेका थिए । वीरगंजको लतिका कम्बोडिटी सप्लायर्स प्रालिले भारतको झारखण्ड धनबादबाट ५९ वटा बक्स एन वागनमा ३ हजार ६ सय ५० मेटन कोइला ल्याएको हो । गत असार १६ मा रेल्वे ऱ्याक सुक्खा बन्दरगाहमा भित्रिएको थियो। भन्सार कार्यालयको सन्दर्भ मूल्य पुस्तिकामा कोइला प्रतिकिलो मूल्य भारु १२ रुपैयाँ उल्लेख छ, तर अन्तर्राष्ट्रिय बजारमा घटेर प्रतिकिलो भारु ८ रुपैयाँमा झरिसकेकाले पुरानै सन्दर्भ मूल्यका आधारमा भन्सार महसुल कायम गर्दा आफूलाई घाटा लाग्ने भन्दै आयातकर्ता ललिता कम्बोडिटी सप्लायर्सले जाँचपास गराएको थिएन । भन्सारका अधिकारीहरुले सहमतिको बाटो खुला गरेपछि जाँचपास भएको हो । बन्दरगाह सञ्चालक कम्पनी प्रिष्टिन भ्यालीका प्रशासन प्रमुख अतुल शर्माले बुधबार पहिलो दिन दुई दर्जन बढी टिपरमा कोइला बाहिरिइसकेको जानकारी दिए । 'पहिलो दिन नै धेरै कोइला बाहिरिएको छ,' उनले भने, 'पहिलो रेल्वे ऱ्याकको झन्झट सक्किएकाले अब अन्य आयातकर्ताले पनि यो

(बाँकी तेश्रो पेजमा)

## भन्सारमा ..........

नदेखिएपछि प्राविधिक कारण देखाएर रद्द गरिएको थियो। पहिलो बोलपत्रमा आवेदन दर्ता गराएका एक अटोमोबाइल व्यवसायीले महानगरले मिलेमतोमै ट्र्याक्टर खरिद गर्ने देखिएपछि दोस्रो पटकको बोलपत्रमा सहभागी नभएको प्रतिक्रिया दिएका छन् । 'आफू निकटका व्यवसायीलाई नै ट्र्याक्टरको ठेक्का दिने मनसाय बुझेपछि हामीले दोस्रो पटकको बोलपत्र खरिद नै गरेनौं,' उनले भने, 'पहिलो बोलपत्रमा न्यूनतम नाफा राखेर बोलपत्र आवेदन दर्ता गराएका थियौं ।' महानगरको यान्त्रिक शाखा प्रमुख मनोज कर्ण भने पहिलो पटकको बोलपत्रमा आवेदन दिएका सबै कम्पनीहरु प्राविधिक प्रस्तावमै फेल भएको दाबी गर्छन् । 'प्राविधिक प्रस्ताव पास भएकाहरुको मात्र आर्थिक प्रस्ताव हेरिन्छ,' उनले भने, 'प्राविधिक प्रस्तावमै सबै फेल भएपछि बोलपत्र नै रद्द गरेका हौं ।' उनका अनुसार पहिलो पटकको बोलपत्र हुँदा मूल्य केही बढी थियो, ट्र्याक्टर पनि ३ सिलिन्डरको माग गरिएको थियो। पहिलो बोलपत्रमा टेलर खरिद गर्ने योजना थिएन । 'टेन्डर रद्द भएपछि टेलर समेत खरिद गर्ने कुरा आयो,' महानगरको राजस्व शाखा प्रमुख समेत रहेका कर्ण भन्छन्, 'अनि ट्र्याक्टरको क्षमता तीन सिलिन्डरबाट घटाएर एक सिलिन्डर गरेर टेलर सहितको दोस्रो बोलपत्र आह्वान गरिएको हो, ठेक्का मूल्य पनि केही घटाएका थियौं ।' उनका अनुसार पहिलो बोलपत्रमा ३ सिलिन्डरको ट्याक्टर माग हुँदा प्रति ट्र्याक्टर मूल्य १३ लाख २५ हजार राखिएको थियो भने दोस्रो पटक टेलरसहित १ सिलिन्डरको ट्र्याक्टरको बोलपत्र आह्वान गर्दा १२ लाख ५० हजार रुपैयाँ मूल्य राखिएका थियो । बिना एग्रोले टेलरसहित १२ लाख २५ हजार रुपैयाँमा दर्ता गराएको आवेदन स्वीकृत भएको कर्णले जनाए। प्रति ट्याक्टरको ९ लाख ५० हजार र टेलरको २ लाख ७५ हजार रुपैयाँ बिना एग्रोले भुक्तानी लिएको छ। ६ लाख ६० हजार रुपैयाँसम्ममा पाइने एक सिलिन्डरको ट्याक्टर महानगरले किन ९ लाख ५० हजार रुपैयाँमा खरिद गरेको भन्ने प्रश्नमा यान्त्रिक शाखा प्रमुख कर्णले 'बजार मूल्य तलमाथि भइराख्ने र नगदमा खरिद गर्दा केही छुट पाइने हुनाले केही अन्तर देखिएको हुनसक्छ' भनि प्रतिक्रिया दिए। 'सबभन्दा सस्तो र इन्धन कम खपत हुने ट्र्याक्टर खरिद गरेका छौं,' उनले भने, 'कुनै प्रक्रिया लुकाएर गरेका छैनौं।' विना एग्रोका एकजना सेल्सम्यानले सर्वसाधारणले खरिद गर्दा र स्थानीय तहले खरिद गर्दा छुट्टाछुट्टै मूल्यको बिल बन्ने गरेको बताए। ती सेल्सम्यान भन्छन्, 'सर्वसाधारणले खरिद गर्दा कसैलाई कमिसन चाहिदैन ।

तर, जब पालिकाको लागि ट्र्याक्टर खरिद हुन्छ, त्यसमा हाकिम, लेखा, खरिद समिति, प्रमुख र उपप्रमुख सबैलाई कमिसन छुट्याएर बिल बनाउनुपर्छ ।'

ट्र्याक्टर भारतबाट आयात गरि आपूर्ति गरेको बिना एग्रोले टेलर भने स्थानीय व्यवसायीबाटै बनाउन लगाई महानगरलाई उपलब्ध गराएको हो । व्यवसायीका अनुसार टेलरमा समेत बढीको बिल बनाएर चलखेल गरिएको छ ।

फोहोर संकलनका लागि बनाइएको ती टेलरहरुको बिलमा पनि प्रति टेलर ५० हजार रुपैयाँ बढी अनियमितता भएको छ । -ईकान्तिपुरबाट

कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, बारा, कलैया
आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना
प्रथम/दोश्रो पटक प्रकाशित गरिएको सूचना : २०८०।५।६

यस उपमहानगरपालिकाले गत विगत वर्षहरुमा आय संकलनको लागि ठेक्का लगाउँदै आए अनुसार देहायका शिर्षकहरुमा ठेक्काबाट कर शिर्षकमा उठाउन को लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी इच्छुक फर्म वा कम्पनीहरुले ताकिएको भित्र बोलपत्र खरिद गर्न यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | ठेक्का शिर्षक | ठेक्का अवधि | वार्षिक न्यूनतम अंक रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १/०८०/०८१ | कलैया–१ कटी पर्साको माछा पोखरी | .०८०।०८१ देखि ०८४।०८५सम्म | २०००००। | १०००। | ७ दिने |
| २/०८०/०८१ | कलैया–१२ धर्मनगरको माछा पोखरी | .०८०।०८१ देखि ०८४।०८५सम्म | १६९६६४०। | ३,०००। | १५ दिने |
| ३/०८०/०८१ | कलैया–१८ पतौराको माछा पोखरी | .०८०।०८१ देखि ०८४।०८५सम्म | १३३७४००। | १०००। | १५ दिने |
| ४/०८०/०८१ | कलैया–७ बैरियाको माछा पोखरी | .०८०।०८१ देखि ०८४।०८५सम्म | ४५००००। | १०००। | ७ दिने |
| ५/०८०/०८१ | कलैया–१० निलकण्डवा को माछा पोखरी | .०८०।०८१ देखि ०८४।०८५सम्म | २७०००००। | ३०००। | १५ दिन |
| ६/०८०/०८१ | कलैया–६ लहेरवा टोलाको माछा पोखरी | .०८०।०८१ देखि ०८४।०८५सम्म | २३०४००। | १०००। | ७ दिने |
| ७/०८०/०८१ | कलैया हाट बजार (दरबार चौक, बरेवा चौक र श्री दुर्गा चौक समेत) | आ.ब. ०८०।०८१ | ३४०००००। | ३,०००। | ७ दिने |

अन्य शर्तहरु

१) बोलपत्रदाताले खामको बाहिरपटी ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रष्ट लेख्नुपर्नेछ ।
२) बोलपत्र फाराम यस कार्यालयबाट माथी उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ७/१५ औं दिन सम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ ।
३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र र आ.ब. ०७८।०७९ को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।
४) सूचना प्रकाशित भएको मितिले ७/१५ औं दिनसम्ममा खरिद गरी ८/१६ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका, बारामा शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
६) मुल्य अभिवृद्धि कर लगायतका करहरु ठेक्दार स्वयमले तिर्नु पर्ने छ ।
७) अगामी किस्ता रकम वापत बैक ग्यारेन्टी वा नगद जम्मा गर्नु पर्ने छ ।
८) पोखरीहरुको हकमा पोखरी मर्मत गर्नु परेमा ठेक्कदार स्वयम मर्मत गर्नु पर्ने छ ।
९) धरौटी खाता नं.१२६०१००३०३००००४ मा धरौटी वापतको रकम धरौटी राख्नु पर्ने छ ।
१०) ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कर शाखा, लेखा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्ने सकिनेछ ।

सूचना

= नियमित कर तिरौ, सभ्य नागरिक बनौं ।
= कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
= घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं।
= अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौँ ।
= दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं र दतां गरीसकेका व्यवसायलाई सुचिकृत गरौं ।
= बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
= भवन मापदण्डको पालना गरौं, सुरक्षित भविस्य निर्माण गरौं ।

विन्दवासिनी गाउँपालिका
बहुअर्वा भाठ्ठा, पर्सा